प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७८/०७९ मा डिप्लोमा तथा प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहमा रजिष्ट्रेशन फाराम भर्न छुटाएकाहरुलाई म्याद थप गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७८।१२।१० गते)

उपर्युक्त सम्वन्धमा यस परीक्षा नियन्त्रण कार्यालयबाट शैक्षिक शत्र २०७८/०७९ का लागि परिषद्का आंगिक, साझेदारी, टेक्स तथा निजी स्तरमा सम्वन्धन/स्वीकृति प्राप्त शिक्षण संस्थाहरुमा परीक्षार्थीहरुको रजिष्ट्रेशन फाराम छुटेको भनी परिषद्, प्रदेश कार्यालयहरुबाट लिखित रुपमा विवरणहरु प्राप्त भएको हुंदा यस शैक्षिक शत्र २०७८/०७९ मा रजिष्ट्रेशन फाराम खुलेको समयमा मुलुकभरीका शिक्षण संस्थाहरुमा कोभिड १९ को कारण विद्यार्थीहरुको पुर्ण उपस्थिति नभएको र सो समयमा केही प्रतिवन्धहरु समेत लागू भैरहेको अवस्था भएको हुंदा विद्यार्थीको पठ्न-पाठनलाई दृष्टिगत गरी यस कामको जिम्मेवारी हुने शिक्षण संस्था प्रमुख/प्राचार्यलाई यसको उत्तरदायित्व सम्वन्धमा सचेत गराउने र प्राचार्यको प्रतिवद्धता तथा सम्वन्धित परिषद्, प्रदेश कार्यालयहरुको सिफारिश पत्रका आधारमा परिक्षार्थीलाई थप आर्थिक भार नपर्ने गरी भर्ना प्रकृया शुल्क र रजिष्ट्रेशन शुल्क नियमित शुल्कको **दुई गुणा** लिई १ हप्ताको र १ हप्ता भित्र पनि नआउने शिक्षण संस्थाहरुको हकमा **चार गुणा** लिई रजिष्ट्रेशन प्रकृया गराउने परीक्षा समितिको मिति २०७८।१२।०१ गतेको निर्णयानुसार मिति २०७८।१२।१६ गते कार्यालय सम्म दुई गुणा र मिति २०७८।१२।२३ गतेसम्म चार गुणा शुल्कमा ITMS Online Entry गराई प.नि.का.को रजिष्ट्रेशन शाखामा बुझाउने गरी म्याद थप गरीएको व्यहोरा अनुरोध छ ।

साथै शिक्षण संस्थाले प्रतिबद्धतापत्र, सम्वन्धित प्रदेश कार्यालयमा रकम जम्मा गरेको बिल, परिषद्, प्रदेश कार्यालयको सिफारिश पत्र, बिद्यार्थीहरुले भरेको रजिष्ट्रेशन फाराम, आवश्यक कागजातहरु संलग्न गरी सम्वन्धित शिक्षण संस्थाले प.नि.का.को ITMS शाखाबाट Online Entry गराई, प.नि.का.को रजिष्ट्रेशन शाखामा फाइल बुझाउनु पर्नेछ । यसरी तोकिएको समयमा पनि रजिष्ट्रेशन प्रकृया नगर्ने, नगराउने परीक्षार्थीको रजिष्ट्रेशन कायम नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**